मिति: २०८२।०५।३१

समय: बिहान ११:३० बजे

बैठक नं. ०२ आ.व.२०८२/०८३

आज मिति २०८२ भाद्र ३१ गते मंगलबारका दिन महाकुलुङ गाउँपालिका,गाउँ कार्यपालिकाका अध्यक्ष श्री सूर्य बहादुर कुलुङज्यूको अध्यक्षतामा देहायका पदाधिकारीज्यूहरुको उपस्थितिमा बैठक बसी तपसिल अनुसारका प्रस्ताव उपर छलफल गरि निर्णय गरियो ।

| क्र.सं. | नाम,थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री सुर्य बहादुर कुलुङ | अध्यक्ष | |
| २ | श्री बिपना कुलुङ | उपाध्यक्ष | |
| ३ | श्री पर्खिधन राई | वडा अध्यक्ष (वडा नं. १) | |
| ४ | श्री प्रदिप राई | वडा अध्यक्ष (वडा नं. २) | |
| ५ | श्री दुर्गा बहादुर राई | वडा अध्यक्ष (वडा नं. ३) | |
| ६ | श्री सरस्वती राई | वडा अध्यक्ष (वडा नं. ४) | |
| ७ | श्री सुर्य कुमार राई | कार्यवाहक वडा अध्यक्ष (वडा नं. ५) | |
| ८ | श्री सिद्धिमनि राई | कार्यपालिका सदस्य | |
| ९ | श्री सिता माया वि.क. | कार्यपालिका सदस्य | सिता बि क |
| १० | श्री चस्मिता वि.क. | कार्यपालिका सदस्य | चस्मीता |
| ११ | श्री निर कुमारी राई | कार्यपालिका सदस्य | |
| १२ | श्री शारदा कुलुङ | कार्यपालिका सदस्य | |
| १३ | श्री दौलित कुलुङ | कार्यपालिका सदस्य | |
| १४ | श्री छोईसाङ तामाङ | सदस्य-सचिव | |

आमन्त्रित

| क्र.स. | नाम,थर | हस्ताक्षर |
|---|---|---|
| १. | एलिशा श्रेष्ठ (अधिकृत [illegible]) | |
| २. | ध्रुवध्वज राई लेखापाल | |
| ३. | प्रमिना कुलुङ (जी.पि.) | |

महाकुलुङ गाउँपालिकाको गाउँ कार्यपालिकाको कार्यालय बुङ, सोलुखुम्बु कोशी प्रदेश,नेपाल

अध्यक्ष
महाकुलुङ गाउँपालिका

बैठकनं.-०२ आ.व.२०८२/८३

मिति:२०८२/०५/३१
समय: बिहान ११:३० बजे

| सि.नं. | प्रस्ताव | निर्णय | कैफियत |
|---|---|---|---|
| १. | गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत बीचको कार्यसम्पादन करार सम्झौता सम्बन्धमा। | प्रस्तुत विषयमा यस महाकुलुङ गाउपालिकाको अध्यक्ष श्री सूर्य बहादुर कुलुङ र प्रमुख प्रशासकीय अधिकृत श्री छोईसाङ तामाङ विचको कार्यसम्पादन करार सम्झौता गर्ने सर्वसम्मतीले निर्णय गरियो। | |
| २. | प्राविधिक कर्मचारीहरुको बढुवा नियुक्ति अनुमोदन सम्बन्धमा। | यस महाकुलुङ गा.पा.मा बढुवा भई आउनु भएका सब- इन्जिनियर श्री सुस्कल धमलाको मिति:२०८२/०५/२७ गते आह्वान गरिएको कार्यपालिका बैठकद्वारा बढुवा नियुक्ति अनुमोदन गर्ने भनिएकोमा सो मितिमा देशको विषम परिस्थितीले गर्दा का.पा. बैठक स्थगन गरिएकोमा आज बसेको का.पा.बैठकबाट उहाँ र यस गा.पा.मा बढुवा नियुक्ति भई आउनु भएका सब- इन्जिनियर श्री पूर्णिमा श्रेष्ठको बढुवा नियुक्ति अनुमोदन गर्ने सर्वसम्मतीले निर्णय गरियो। | |
| ३. | नयाँ प्रमुख प्रशासकीय अधिकृतको हाजिरी अनुमोदन सम्बन्धमा। | यस महाकुलुङ गा.पा.मा मिति:२०८२/०५/२२ गते सामान्य प्रशासन मन्त्रालयबाट सरुवा भई आउनुभएका प्र.प्र.अ. श्री छोईसाङ तामाङ ज्यूले सोही मितिमा यस गाउँपालिकामा हाजिरी गरिएकोमा सो हाजिरी भएको मितिलाई अनुमोदन गर्ने सर्वसम्मतीले निर्णय गरियो। | |
| ४. | आ.व. २०८२/८३ को दररेट स्वीकृत सम्बन्धमा। | • आ.व.२०८२/८३ को लागि सोलुखुम्बु जिल्लाको स्वीकृत दररेट अनुसार हुने गरी यस गाउँकार्यपालिकाको कार्यालयमा लागू गर्ने।<br>• यस गाउँपालिकामा बाहिरी निर्माण सामाग्रीहरुको ढुवानीको लागि सोलुखुम्बु जिल्ला,उदयपुर जिल्ला र ओखलढुङ्गा जिल्लाको ढुवानी दररेट लाई आधार लिने।<br>• सोलुखुम्बु जिल्ला दररेटमा उल्लेखित नभएको निर्माण सामाग्रीहरुको रेटको लागि उदयपुर जिल्ला दररेट निर्धारण समितिले आ.व.२०८२/८३को लागि निर्धारण गरेको दररेटलाई आधार लिने,साथै उदयपुर जिल्ला दररेट निर्धारण समितिले आ.व.२०८२/८३ को लागि निर्धारण समितिको दररेटमा उल्लेखित नभएको निर्माण सामाग्रीहरुको रेटको लागि काठमाण्डौ जिल्ला दररेट निर्धारण समितिले | |

महाकुलुङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बुङ, सोलुखुम्बु कोशी प्रदेश, नेपाल

अध्यक्ष
महाकुलुङ गाउँपालिका

| | | | |
|---|---|---|---|
| | | आ.व.२०८२/८३ को लागि निर्धारण गरेको दररेटको समेत आधार लिने।<br>• आ.व.२०८२/८३का लागि महाकुलुङ गाउँपालिकाको लागि विभिन्न सवारी साधनहरु र हेभि इक्विमेन्टहरुको भाडा दररेट सडक विभागको स्वीकृत नर्म्स बमोजिम गर्ने। | |
| ५. | गाउँपालिकाको लेटरहेडको विवरण संशोधन तथा परिमार्जन सम्बन्धमा। | यस महाकुलुङ गा.पाको लेटरहेडमा गाउँपालिकाको नारा र स्थानीय सरकार भन्ने वाक्यांशलाई उल्लेख गरी गाउँपालिका भरी एकरुपता कायम हुने गरी कार्यान्वयनमा ल्याउने सर्वसम्मतीले निर्णय गरियो। | |
| ६. | स्वास्थ्य सेवाका करार कर्मचारीको पदपुर्ति तथा लिखित परीक्षा सञ्चालन सम्बन्धमा। | स्वास्थ्य सेवाको करार कर्मचारीको पदपुर्ति तथा लिखित परिक्षा सञ्चालन सम्बन्धमा विज्ञापन नं.०१/२०८२/८३ जनस्वास्थ्य अधिकृतको परिक्षा बाहेक अन्य पदहरुको परिक्षा निर्धारित समय र मितिमा गर्ने निर्णय गरियो। | |
| ७. | ठाउँसारी "घ" वर्ग कार्यविधि संशोधन सम्बन्धमा। | यस महाकुलुङ गाउँपालिकाको "घ" वर्गको निर्माण व्यवसाय कार्यविधि २०७४ मा "ठाउँसारी" गर्ने सम्बन्धमा कुनै प्रावधान नभएकोमा "ठाउँसारी" गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्नका लागि विधायन समितिमा संशोधन सहितको प्रस्ताव पेश गर्ने निर्णय गरियो। | |
| ८. | महाकुलुङ आधारभुत अस्पतालमा CEONC (अपरेसन थिएटर )सेवा सञ्चालन गर्ने सम्बन्धमा। | महाकुलुङ आधारभुत अस्पताल १५ सैयामा स्वीकृत भएअनुसार गाउँपालिकाबाट O and M Survey समेत भई सो दरबन्दीअनुसार MDGP र Advance SBA समेत विशेषज्ञ डाक्टर समेत भएको र CEONC सेवा सूचारु गर्न आवश्यक पुर्वाधारहरु र भौतिक उपकरणहरु समेत तयार भएकोले सो अस्पतालमा CEONC सेवा सुचारु गर्न अस्पतालमा सेवा सञ्चालन गर्ने निर्णय गरियो। | |
| ९. | महाकुलुङ आधारभुत अस्पतालमा कार्यरत | महाकुलुङ आधारभुत अस्पतालमा कार्यरत स्वास्थ्यकर्मी र अस्पताललाई १० हप्ता र १२ हप्तासम्मको गर्भपतन सेवा सञ्चालन गर्नका लागि MDGP डा.सागर खड्का र मेडिकल अफिसर डा.कविन्द्र राईलाई सूचिकृत भएअनुसारको गर्भपतन सेवा सञ्चालन | |

अध्यक्ष
महाकुलुङ गाउँपालिका

महाकुलुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुङ, सोलुखुम्बु
कोशी प्रदेश, नेपाल

मितिः२०८२/०५/३१
समयः बिहान ११:३० वजे

| | | | |
|---|---|---|---|
| | स्वास्थ्यकर्मीहरुको सूचिकृत तथा गर्भपतन सेवा सञ्चालन गर्ने सम्बन्धमा। | गर्न दिने निर्णय गरियो साथै १० हप्तासम्मको गर्भपतन सेवा सञ्चालनका लागि सि.अ.न.मी. श्री शसीकला राईलाई सूचिकृत र महाकुलुङ आधारभुत अस्पताल बुङ सोलुखुम्बुलाई गर्भपतन सम्वन्धि सेवा सञ्चालनका लागि सूचिकृत सहित सञ्चालन गर्ने निर्णय गरियो। | |
| १०. | एम्बुलेन्स सञ्चालनमा प्रयोग नगदी रसिद अनुमोदन सम्बन्धमा। | एम्बुलेन्स सञ्चालनमा प्रयोग भएका नगदी रसिदहरु ००१. नं. देखि २००० नं. सम्मका नगदी रसिद छपाइएकोमा खर्च भई बाकी तपसिलमा उल्लेखित नं. भएका नगदी रसिदहरु आ.व. २०८२/८३ मा सञ्चालनका लागि अनुमोदन गर्ने निर्णय गरियो।<br>तपसिलः<br>४०१-४५०, ४५१-५००, ५०१-५५०, ५५१-६००, ६०१-६५०, ६५१-७००, ८०१-८५०, ९५१-१०००, १००१-११५०, १३०१-१३५०, १४०१-१४५०, १४५१-१५००, १६०१-१६५०, १७०१-१७५०, १७५१-१८००, १८०१-१८५०, १८५१-१९००, १९०१-१९५०, १०५१-११०० र १२५१-१३०० | |
| १. | QR प्रयोग गर्ने सम्बन्धमा। | महाकुलुङ गाउँपालिका मातहत सञ्चालित एम्बुलेन्स सेवामा अनिवार्य रुपमा QR code सहितको Payment को उपर्युक्त व्यवस्था गर्ने सर्वसम्मतिले निर्णय गरियो। | |
| २. | स्थानीय भत्ता/प्रोत्साहन भत्ता सम्बन्धमा । | साविक गुदेल गाविस (हाल महाकुलुङ गाउँपालिका वडा नं. ४ र ५) अन्तर्गतका सामुदायिक विद्यालयमा कार्यरत स्थायी तथा अस्थायी शिक्षकहरुका लागि "**महाकुलुङ गाउँपालिकाको कार्यसम्पादनमा आधारित उत्प्रेरणा जगाउने, कर्मचारीको सेवा सुविधामा समानता कायम गर्न तथा अतिरिक्त समय काम गरे वापत (प्रोत्साहन भत्ता) सम्बन्धी कार्यविधि ऐन, २०८२**"को अनुसूची २ मा भएको व्यवस्था अनुसारको तोकिएको दरमा स्थानीय भत्ता/प्रोत्साहन भत्ता उपलब्ध गराउने । | |
| ३. | शिक्षा समिति सदस्य मनोनयन सम्बन्धमा । | महाकुलुङ गाउँपालिकाको गाउँ शिक्षा समितिका तपसिलका सदस्यहरुको पद नयाँ विद्यालय व्यवस्थापन समिति/शिक्षक अभिभावक संघको गठन भई रिक्त भएकाले उक्त सदस्य पदका लागि मनोनयन गर्ने ।<br>तपसिलः | |

महाकुलुङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बुङ, सोलुखुम्बु कोशी प्रदेश,नेपाल

बैठकनं.-०२ आ.व.२०८२/८३

मिति:२०८२/०५/३१
समय: बिहान ११:३० बजे

| | | | |
|---|---|---|---|
| | | (क) शिक्षक अभिभावक सङ्घ अध्यक्ष- राजनमान राई (सगरमाथा मावि)<br>(ख) विद्यालय व्यस्थापन समिति अध्यक्ष-महलसिं राई (अमरज्योति आवि) | |
| १४. | बाल सहयोगी शिक्षक, कार्यालय सहयोगी तथा विद्यालय सहायक कर्मचारी (लेखापाल) को थप तलब सम्बन्धमा । | आर्थिक वर्ष २०८२/०८३ को बजेटमा शिक्षा तर्फ सङ्घीय सरकारबाट बालसहयोगी र कार्यालय सहयोगीको लागि रु. २,०००।– र विद्यालय कर्मचारी सहायक (लेखापाल) का लागि रु. १,५००।– तलब वृद्धि भई आएको र महाकुलुङ गाउँपालिकाले थप गर्ने अनुदानमा उक्त बढेको तलबमानबाट गाउँपालिकाबाट थप गरिएको अनुदान दायित्व घटाउने गरी आर्थिक वर्ष २०८२/०८३ को लागि बजेट व्यवस्था गरिएको र सोही अनुसार कार्यान्वयन गर्न विद्यालयलाई परिपत्र गरिएको ।<br>विद्यालयबाट बालसहयोगी शिक्षक, कार्यालय सहयोगी तथा विद्यालय कर्मचारी सहायकबाट उक्त निर्णय प्रति आपत्ति जनाउँदै अघिल्लो आर्थिक वर्ष २०८१/०८२ मा थप गरिएको गाउँपालिकाको दायित्वलाई नै कायम गर्नुपर्ने माग गरिएको । | कार्यपालिका बैठकमा छलफल गरी गाउँसभाबाट बजेटको व्यवस्था भएमा मात्र माग सम्बोधन गर्न सकिने । |
| १५. | कार्यक्रम कार्यान्वयन कार्यविधि स्वीकृत सम्वन्धमा । | महाकुलुङ गाउँपालिकाबाट आर्थिक वर्ष २०८२/०८३ मा शिक्षा युवा तथा खेलकुद शाखाका लागि स्वीकृत गरिएका बजेट तथा कार्यक्रमहरुको कार्यान्वयनका लागि तयार गरिको **"कार्यक्रम कार्यान्वयन कार्यविधि, आ. व. २०८२/०८३"** विधान समितिमा पेश गरी पुनः स्वीकृतका लागि कार्यपालिकामा पेश गरी स्वीकृति गर्ने । | |
| १६. | शिक्षक सरुवा सम्वन्धमा । | महाकुलुङ गाउँपालिका वडा नं. ३ मा अवस्थित श्री छेस्काम माधमिक विद्यालयको प.सं. २०८२/०८३,च.नं.६६,मिति २०८२/०५/३१ गतेको प्राप्त पत्रानुसार शिक्षक सरुवा निर्देशिका, २०८१ मा भएको व्यवस्था बमोजिम निवेदन पेश भएका शिक्षकहरुको शिक्षक सरुवा सम्बन्धी निर्देशिका, २०८१ को दफा १८ को उपदफा (१) बमोजिम तपसिलको शिक्षकलाई सरुवा गरी | |

अध्यक्ष महाकुलुङ गाउँपालिका

महाकुलुङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बुङ, सोलुखुम्बु
कोशी प्रदेश,नेपाल

बैठकनं.-०२ आ.व.२०८२/८३

मिति:२०८२/०५/३१
समय: विहान ११:३० बजे

शिक्षा विकास तथा समन्वय इकाइ सल्लेरी, सोलुखुम्बुमा अभिलेखिकरणका लागि पेश गर्ने निर्णय गरियो:

तपसिल:

| क्र.सं. | शिक्षकको नामथर | संकेत नं./तह/श्रेणी | साविकको विद्यालय | सरुवा गरिएको विद्यालय |
|---|---|---|---|---|
| १. | मध्य बहादुर राई | १८०५३५ (प्रावि तृतीय) | श्री देनाम आवि, महाकुलुङ-३, सोलुखुम्बु। | श्री छेस्काम माध्यमिक विद्यालय, महाकुलुङ गाउँपालिका-३ |

| | | | |
|---|---|---|---|
| १७. | राजिनामा स्वीकृत सम्बन्धमा। | प्रस्तुत विषयमा यस गाउँपालिका अन्तर्गत संचालित सामुदायिक ग्रामिण विद्युतिकरण वितरक संस्थाका अध्यक्ष श्री प्रदिप राईले गाउँपालिकाको अध्यक्ष समक्ष मिति:२०८२/०५/३१ गते राजिनामा स्वीकृत गर्नका लागि पत्र पेश गर्नुभएकोमा सो राजिनामा पत्र आजकै मितिबाट लागू हुने गरी गा.पा. अध्यक्षबाट स्वीकृत गरियो। साथै आजदेखि ७ दिनभित्र सो संस्थाभित्रको सम्पुर्ण कारोबारहरुको मान्यताप्राप्त लेखापरीक्षण संस्था बाट लेखापरिक्षण गरेको प्रतिवेदन,बरबुझारथ गरेको पत्र गा.पा. अध्यक्ष सामु पेश गर्ने बर्तमान ग्रामिण विद्युतिकरण संस्थाका अध्यक्षको प्रतिबद्धतालाई सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो। | |
| १८. | चालु बजेट तथा कार्यक्रम अन्तर्गतको शिर्षक कटौती गर्ने सम्बन्धमा। | प्रस्तुत विषयमा आ.व.२०८२/८३ को वडा नं. २ को चालुशिर्षक तर्फ विनियोजित बजेट तथा कार्यक्रम अन्तर्गतको "जेष्ठ नागरिक,फरक क्षमता तथा विधवा महिला सामाग्री वितरण" शिर्षक कटौती गरी "सामुदायिक ग्रामिण विद्युतिकरण वितरक संस्था" लाई अनुदान दिने सर्वसम्मतिले निर्णय गरियो। साथै माथिको शिर्षक सम्बन्धमा आगामी गाउँसभामा पेश गरी पारित गर्ने निर्णय गरियो। | |

अध्यक्ष महाकुलुङ गाउँपालिका

महाकुलुङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बुङ, सोलुखुम्बु कोशी प्रदेश,नेपाल